# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. ०६**

**निवेदक/वादीको नाम, थर, ठेगाना**

धादिङ्ग जिल्ला, गजुरी गाउँपालिका वडा नं. २ स्थायी वतन भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ३ बस्ने चोप बहादुर दमैको नाति रामपुकार सुन्दासको छोरा वर्ष १३ को नाबालक समर्थन सुन्दासको हकमा हजुरबुवा चोप बहादुर दमै ........................................................१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

विरबल बहादुर दमैको नाति चोप बहादुर दमैको छोरा धादिङ्ग जिल्ला, गजुरी गाउँपालिका वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ३ बस्ने वर्ष ३९ को रामपुकार सुन्दास ..............................१

**वादीको साक्षी**

क) ........................................................

**प्रतिवादीको साक्षी**

क) ..............................................

**कागज प्रमाण**

क) जन्मदर्ता प्रमाण पत्रको फोटोकपी थान .........१

ख) संरक्षक चोप बहादुर दमैको नागरिकता प्रमाण पत्रको फोटोकपी थान ..............................१

ग) बसाई सराई प्रमाण पत्रको फोटोकपी थान ......१

घ) नेपाल पुलिस स्कुल साँगाको शुल्क तिरेको रसिदको छायाप्रति थान ....................................१

**कागज प्रमाण**

क) नागरिकता प्रमाण पत्रको फोटोकपी थान ............१

न्यायिक समितिबाट बुझेको साक्षी ..........................................................

**प्रमाणहरू** : ..........................................................................

**मुद्दाः नातिको पालन पोषण लगायतको उचित व्यवस्था मिलाई पाउँ ।**

मु.नं. : ०८०-01-00१ दर्ता मिति : २०८०/०४/११

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. म चोप बहादुर दमै र मेरो श्रीमति तारादेवी सुन्दासको दाम्पत्य सम्बन्धबाट तीनजना छोरा र दुईजना छोरीहरूको जायजन्म भएको थियो । छोरीहरू विवाह भई आ-आफ्नो घरमा रहे बसेका छन् । तीनजना छोराहरू मध्येका कान्छा छोरा रामपुकार सुन्दास २०६० सालदेखि नेपाल प्रहरीमा प्रवेश गरी हाल सो सेवाको हवल्दार पदमा कार्यरत छन् । निजको विवाह शर्मिला सुन्दाससँग भई निजको कोखबाट २०६७/०८/२५ मा छोरा समर्थन सुन्दासको जन्म भएको थियो । निज जन्मेको दुई वर्षपछि निजकी आमाले छाडी अर्को विवाह भई सकेकोले म हजुरबुवा र हजुरआमाले लालनपालन हेरचाह गर्दै हुकाउँदै आएका छौं । कान्छा छोरा रामपुकार सुन्दासले २०७० सालतिर मिना सुन्दाससँग अर्को विवाह गरी २०७३/१०/१० मा नाती सम्राट सुन्दासको जायजन्म भएको छ । छोराको परिवारको रुपमा दुई छोरा गरी चार जनाको परिवार छ । हामी सबै जना एउटै घरमा छुट्टाछुट्टै बस्दै आएका छौं । नाती समर्थन सुन्दास हाल कक्षा ७ मा प्रहरी विद्यालय साँगाको छात्राबासमा बसी पठन पाठन पाठन गर्दै आईरहेको हुँदा बिदाको समयमा हामी हजुरबुवा, हजुरआमासँग बस्ने गरेको छ । यद्यपी हामी दिनानुदिन बृद्ध हुँदै गएकोले मेरो आर्थिक, शारीरिक र मानसिक क्षमता कमजोर हुँदै गएको छ । छोराको दोस्रो विवाह गरी एक छोराको जन्म भएपछि पहिलो श्रीमतीबाट जन्मेको छोरा समर्थन सुन्दासको हेरचाह, पालनपोषण र शिक्षादीक्षाको विषयमा बेवास्ता गर्दै विद्यालयमा बुझाउनु पर्ने मासिक शुल्क रु ९,५४५/- (अक्षरुपी नौं हजार पाँच साय पैंतालीस) तिर्नु बुझाउनु पर्ने शुल्क, दस्तुर पटक पटकको ताकेताबाट समयमा नतिरेको कारण निज कान्छो छोराले गर्दा बिलम्ब जरिवाना शुल्क बुझाउनु पर्ने बाध्यता दोहोरिरहने कारणले गर्दा नातिको पढाईको स्तर राम्रो भएतापनि विद्यालयको शुल्क नबुझाएको कारणबाट ऊ विद्यालयबाट निस्काशन हुनुपर्ने अप्रिय अवस्था आइपरी अन्ततोगत्वा उसको भविष्य अन्धकारमय हुन सक्ने सम्भावना समेत भएकोले त्यस्तो अवस्था नआओस भनी जिम्मेवार अभिभावकको हैसियतले बाध्य भई बालबालिका सम्बन्धि ऐन, २०७४ को दफा ३, ५, ६, ७, १५, १६, १७, ६४ र ६४ को उपदफा (१) एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(१) को (छ) निज नातिको सुखद, उज्जवल भविष्य, पठन पाठन, रेखदेखमा समान व्यवहार लगायतको उचित व्यवस्थाको लागि नावालकको हक संरक्षण गरी पाउँ भन्ने व्यहोराको वादी संरक्षक चोप बहादुर दमैको मागदावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

(क) विपक्षी आफैंले निवेदन पत्रमा छोरा समर्थन सुन्दासको विद्यालयमा भुक्तानी गर्नुपर्ने मासिक शुल्क बुझाउँदै आएको भनि स्विकार गर्नु भएको छ भने म नेपाल प्रहरीमा कार्यरत रहेकोले कार्यालयको तर्फबाट एकाध समयमा ढिलासुस्ती भएको कारण ढिला हुन गएको हो । मेरो मासिक तलब प्राप्त हुनासाथ मेरो पितालाई बुझाउने गरेको छु भने पिताले नै विद्यालयमा गई शुल्क बुझाउनु हुन्छ । बाबु आमालाई सन्तान जतिसुकै भएपनि माया ममता समान रहन्छ । म नेपाल प्रहरीको सामान्य दर्जामा कार्यरत भएर पनि छोराको उज्ज्वल भविष्यको

लागि सामान्य विद्यालयमा पढाउन सकिन्थ्यो । मैले मेरो पिताले लगाउनु भएको अरोपमा कुनै सत्यता छैन । छोरा समर्थन सुन्दास असल खराब छुट्याउन सक्ने भएकोले होला विद्यालय विदा भएको समयमा घरमा आउँदा मैले छोरालाई मसँग बसभन्दा नमानि उ आफैं हजुरवुवा हजुरआमासँग खानपिन गरी बसोबास गर्दछ । म पनि समय मिलाएर छोरालाई विद्यालयमा भेट्नको लागि जाने गर्दछु । उसकी आमाले दुई वर्षको उमेरमा छोडी दोस्रो विवाह गरी गएता पनि छोरा मसँग बसी पढ्न चाहेमा मेरो कुनै विमति छैन । मैले मेरो छोरालाई मात्र होइन बाबु, आमालाई पनि मसँग बस्न बारम्बार अनुरोध गरेको छु । छोराको मासिक शुल्क जहाँबाट ल्याएर भएपनि तिर्ने दायित्व वहन गर्न कहिले पन्छिने छैन । विपक्षीले दावी लिए जस्तो मैले छोराको भविष्यको ख्याल नगरेको, बास्ता नगरेको र समयमा विद्यालयको शुल्क भुक्तानी नगरेको भन्ने फिराद दावी आधारहिन दुःख दिने मनसायले दायर गरिएको फिराद पत्र खारेज गरी झुठ्ठा फरेबबाट मुक्ति दिलाई पाउँ भन्ने व्यहोराको प्रतिवादी रामपुकार सुन्दासको प्रतिउत्तर जिकिर रहेको छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

नागरिकता प्रमाण पत्र तथा नेपाल पुलिस स्कुल, साँगा, काभ्रेमा मिति २०८०/०४/०५ मा समर्थन सुन्दासको कक्षा सातमा अध्ययन गरेको मासिक शुल्क रसिदको प्रतिलिपी बुझाएको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

नागरिकता प्रमाण पत्रको फोटोकपी राखेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

संरक्षक वादीले नाति समर्थन सुन्दासको विद्यालयको नियमित मासिक शुल्क छोराले समयमा दिने नगरेको हुँदा विद्यायलबाट नातिको मासिक शुल्क बुझाउन मलाई ताकेता हुने गरकोले सो कुरा छोरालाई भन्दा छोराले सामान्य रुपमा लिने गरेको हुँदा नातिले पढ्न पाउने नैसर्गिक अधिकार सुरक्षीत गरी नियमित पठन पाठनको व्यवस्था मिलाई छोराले विद्यालयमा मासिक लगायतको शुल्क तिर्ने दायित्व परिपालना गराई पाउँ भन्ने गर्नु भएको वहास सुनियो ।

प्रतिवादीले नियमित रुपमा आफ्नो छोराको मासिक लगायतको विद्यालय शुल्क तिर्ने, बुझाउने कार्य गरिरहेको छु सो कार्य नियमित रुपमा सोहि नेपाल पुलिस स्कुलमा नै निज मेरो छोरा समर्थन सुन्दासलाई विद्यालयस्तरसम्मको शिक्षा दिक्षा गर्ने वातावरण मिलाई असल पिताको कर्तव्य पुरा गर्न कुनै कसर बाँकी राख्नेछैन भनि गर्नु भएको वहस समेत सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

नाति/छोराको पालन पोषण लगायतको उचित व्यवस्था मिलाई पाउनु पर्ने हो होइन भन्ने विषयमा मुख नमिलेको देखिन आयो ।

**निर्णय खण्ड**

नियम वमोजिम दैनिक पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दामा संरक्षक हजुरबुवा चोप वहादुर दमै र प्रतिवादी रामपुकार सुन्दासले गर्नु भएको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा

प्रस्तुत मुद्दामा वादी दावी बमोजिम वादीले प्रतिवादीबाट नातिको पालन पोषण लगायतको उचित व्यवस्था मिलाई दिनु पर्ने हो होईन भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णय तर्फ विचार गर्दा प्रतिवादी रामपुकार सन्दासले आफ्नो छोरा समर्थन सुन्दासको स्कुलको मासिक शुल्क नातिको बावुले समयमा दिने नगरेको हुँदा स्कुलबाट नातिको मासिक शुल्क बुझाउन मलाई ताकेता हुने गरकोले सो कुरा छोरालाई भन्दा छोराले सामान्य रुपमा लिने गरेको हुँदा नातिले पढ्न पाउने नैसर्गिक अधिकार सुरक्षीत गरी नियमित पठन पाठनको व्यवस्था मिलाई दायित्व परिपालना गराई पाउँ भन्ने फिराद दावी भएकोमा छोराको पालनपोषण, शिक्षा, दिक्षा र बसोवास समेतको दयित्व आफ्नै भएको हुँदा आफ्नै साथमा राखेर पालनपोषण शिक्षा, दिक्षा गर्न तयार रहेको भन्ने प्रतिवादी रामपुकार सुन्दासको प्रतिउत्तर जिकीर रहेको छ ।

यस प्रकार यी वादी प्रतिवादी रामपुकार सुन्दासको छोरा भएकोमा विवाद रहेको छैन । त्यस्तै वादीका हजुर बुवा, हजुर आमाले नातिको पालनपोषण गरी आएको देखिन्छ । नाबालक समर्थन सुन्दासको आमाले आफैं जन्म दिएको प्राण भन्दा प्यारो दुई वर्षको दुधे, काखे बालक छोराको जीवन प्रवाह नगरी छाडी दोस्रो विवाह गरी अन्यत्र गएता पनि निजको बाबु रामपुकार सुन्दासले आफ्नो सन्तान लालनपालनको उचित प्रवन्ध गर्ने गराउने दायित्व पुरा गर्नुपर्ने कर्तव्य परिपालन गर्नबाट पन्छिन मिल्दैन । बालवालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालवालिकाको सर्वोत्तम हित कायम गर्ने सम्बन्धमा बालवालिका सम्बन्धी ऐन, २०७५ ले वालबालिका अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन गराउन दफा ६४ मा स्थानीय तहले बालबालिकाको अधिकार प्रचलन गराउने व्यवस्था अनुसार १३ वर्षका नाबालक समर्थन सुन्दास प्रतिवादी रामपुकार सुन्दासको जेठी पट्टीको छोरा भएको हुँदा यी नावालक छोराको लालनपालन, स्याहार सुसार शिक्षा दिक्षा, स्वास्थ्य उपचार, मनोरञ्जन लगायतका खर्च व्यहोर्नु पर्ने दायित्व नाबालकको बावु आमाकै रहने कुरामा समेत विमति रहेन यी नावालक समर्थन सुन्दास नेपाल पुलिस स्कुलमा कक्षा सातमा अध्ययनरत रहि हालसम्म पनि हजुरबुवा र हजुरआमाकैं रेखदेखमा रहि नाबालकको सबै दायित्व निरन्तर वहन गरेकोमा निज समर्थन सुन्दासको विद्यालय शुल्क तिर्न बुझाउन नसके निजको पढाइ रोकिन सक्ने अवस्था देखिएको हुँदा नाबालकका बाबु रामपुकार सुन्दास कार्यरत कार्यालय मार्फत निजले पाउने पारिश्रमिकबाट कट्टा हुने गरी नाबालक छोरा समर्थन सुन्दासको विद्यालय शुल्क तिर्ने बुझाउने व्यवस्था गर्नु उपयुक्त देखिएकोले बालवालिका सम्वन्धी ऐन, २०७५ को दफा १७ बमोजिमको दयित्व पुरा गर्नबाट प्रतिवादी बाबु रामपुकार सुन्दासले अलग फुर्सद पाउने नदेखिंदा नाबालक समर्थन सुन्दास अध्ययनरत नेपाल पुलिस स्कुल साँगामा तिर्नु बुझाउनु पर्ने विद्यालय शुल्क रामपुकार सुन्दासको पारिश्रमिकबाट कट्टा हुने गरी तिर्ने व्यवस्था मिलाउनु भनी प्रतिवादी रामपुकार सुन्दास कार्यरत कार्यालय नेपाल प्रहरी प्रधान कार्यालयलाई नावालक छोराको अधिकार तथा निजप्रतिको दायित्व संरक्षण र प्रचलन गराउनको लागि लेखी पठाउने । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (छ) बमोजिम निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

(क) नेपाल प्रहरी, प्रधान कार्यालय, अनासित गुल्म, जगन्नाथ देवलमा हवल्दार पदमा कार्यरत रामपुकार सुन्दासले नाबालक छोराको दायित्व संरक्षण र प्रचलन गराउन मासिक तलबबाट छोरा समर्थन सुन्दासको विद्यालय तह सम्म पठन पाठनको लागि लाग्ने सम्पूर्ण शुल्क नेपाल पुलिस स्कुललाई भुक्तानी गर्ने व्यवस्था मिलाउनको लागि नेपाल प्रहरी प्रधान कार्यालयलाई निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु । ........................................१

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम प्रतिवादीलाई ३५ दिने पुनरावेदनको म्याद दिई श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदनको म्याद सहित प्रतिवादीलाई म्याद दिनु । ........................................२

(ग) निर्णयको प्रतिलिपि माग गर्ने सरोकारवालालाई कानूनको रित पुऱ्याई प्रतिलिपि उपलब्ध गराउनु । ........................................३

(घ) प्रस्तुत निर्णय विद्युतिय माध्यममा अपलोड गरी निर्णय प्रमाणीकरण भएको विवरण पालिकाको वेवसाइटमा प्रकाशित गर्नु । ........................................४

(ङ) प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु । ................५

२०८०।०५।२६

**न्यायिक समितिका**

संयोजक श्री बसन्ती श्रेष्ठ

२०८०।०५।२६
**सदस्य**

श्री सीता मण्डल सत्याल

२०८०।०५।२६
**सदस्य**

श्री रत्नलाल श्रेष्ठ

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०८० साल भाद्र महिना २७ गते रोज ०४ शुभम् ..............................